जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २०३ २०७७ साल चैत १ गते आइतबार (14 Mar. 2021 Sunday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सिरियाली गृहयुद्धका ... ३ पृष्ठमा : अलमलमा नलागी ... ३ पृष्ठमा : ब्राजिलमा एकैदिन झण्डै ८६ ...

# १८ केजिको वारबेल उचालेर मन्त्री साहद्वारा भारोत्तोलन प्रतियोगिताको उद्‌घाटन




**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन।**

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले १८ केजिको वारबेल (भार) उचालेर प्रथम देवसुन्दर राष्ट्रिय महिला एवं पुरुष भारोत्तोलन प्रतियोगिताको शनिबार उद्‌घाटन गरेका छन्।

जिल्ला भारोत्तोलन संघ सप्तरीको आयोजनामा शनिबारदेखी राजविराजमा सुरु भएको उक्त प्रतियोगिताको उदघाटन गर्दै मन्त्री साहले खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन्। उनले प्रदेशमा खेलकुदको विकास, बिस्तार, प्रवर्द्धन, संचालन र व्यवस्थापनका लागि आफूहरु लागिपरेको उल्लेख गरे।

उक्त उद्‌घाटन कार्यक्रममा नेपाल भारोत्तोलन संघका केन्द्रिय अध्यक्ष रामकृष्ण श्रेष्ठले भारोत्तोलन खेल राज्यको उदासिनताका कारण छाँयामा परेको भन्दै यसतर्फ राज्यले उचित ध्यान दिनुपर्नेमा जोड दिए। मुलुकका लागि सर्वाधिक पदक ल्याउने खेल मध्येका एक भारोत्तोलन खेल भएकोले यसप्रति राज्य गम्भिर हुनुपर्ने उनको भनाई थियो।

भारोत्तोलन संघ सप्तरीका अध्यक्ष महेश प्रसाद यादवले सप्तरी भारोत्तोलन खेलको उर्वभरभूमी समेत भएको बताउँदै यस प्रतियोगिताको माध्यमबाट थप राम्रा प्रतिभा निस्किने विश्वास व्यक्त गरे।

संघका अध्यक्ष महेश प्रसाद यादवको अध्यक्षतामा आयोजित उद्‌घाटन समारोहमा संघका वरिष्ठ उपाध्यक्ष पार्थोसार्थ सेन गुप्ता, महासचिव तिलक राउत, सल्लाहकार सूर्यनाथ यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, काठमाडौं भारोत्तलन संघका अध्यक्ष बिजेन्द्र बिक्रम शाह, जिल्ला खेलकुद विकास समिति सप्तरीका कार्यालय प्रमुख दिनेश भुजेल लगायतले पनि शुभकामना दिएका थिए।

उद्‌घाटनका अवसरमा अन्तराष्ट्रिय पदकधारी खेलाडी समेत रहेका अशोक फिटनेश कम्पनीका संचालक अशोक शाहीले विभिन्न जिल्लाका खेलाडीलाई ५० हजार मुल्य बराबरको खेल सामाग्रि निशुल्क

*बाँकी तीन पृष्ठमा*

# अति विपन्न कोभिड प्रभावित परिवारलाई राहत प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन।**

सप्तरीको महदेवा गाउँपालिकाका अतिविपन्न तथा कोभिड १९ बाट प्रभावित

*बाँकी तीन पृष्ठमा*

# ओली नेतृत्वको सरकारसँग सहकार्य नगर्न जसपालाई मातृका यादवको आग्रह




**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन।**

नेकपा माओवादी केन्द्रका नेता एवं पूर्वमन्त्री मातृका प्रसाद यादवले ओली नेतृत्वको सरकारसँग सहकार्य नगर्न जनता समाजवादी पार्टी नेपाललाई आग्रह गरेका छन्।

प्रेस संगठन सप्तरीद्वारा शनिबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेता यादवले प्रधानमन्त्री ओलीले विगतमा धेरैलाई ठगेको आरोप लगाउँदै यस पटक जसपालाई पनि ठग्ने कुरामा भन्न नसकिने बताए।

उनले प्रधानमन्त्री ओलीलाई महाठगको संज्ञा दिँदै प्रचण्डलाई समेत दुई पटक ठगेको भन्दै यस्तो अवस्थामा जसपालाई पनि प्रधानमन्त्रीले ठग्ने सक्ने आशंका व्यक्त गरे।

उनले काँग्रेससँग जसपाको सकारात्मक वार्ता भएको भन्दै काँग्रेसले जसपासँग सरकार बनाउने कार्यमा सहमत भएमा

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय ....

# सरसफाई प्रति ध्यान पुगोस

मौसम परिवर्तनसँगै अहिले गर्मीको मौसम सुरु भएको छ । अर्को तर्फबाट कुरा गर्ने हो भने अहिले विभिन्न रुख बिरुवामा मजर लाग्ने बेला हो । खास गरि आँप, लिच्छिको बोटमा अहिले मजर लागेको छ । मौसम परिवर्तनसँगै फलहरु फल्ने मौसम पनि आएको छ । यसरी हेर्दा बोटहरुमा मजर लागेपछि लामखुटेहरुको प्रकोप समेत बढेर गएको छ । गर्मीको मौसम त्यसमा पनि बोटहरुमा फल फुल्ने समयमा लामखुटे लगायत अन्य किराहरु समेत अत्याधिक मात्रामा लाग्ने गर्दछ ।

लामखुटे लाग्ने अर्को कारण हो फोहर पनि । फोहरका कारण बढेको लामखुटेले गर्दा अहिले दिउँसो पनि बस्न गाह्रै हुन्छ । राजविराज नगरपालिका मुलुककै पुरानो नगरपालिका मध्ये एक हो । तर, यो नगर अहिलेसम्म व्यवस्थित हुन सकेको छैन् । सडकदेखी पेटीसम्म फोहर नै रहन्छ । नालाहरु जहिले पनि फोहरले भरिभराउ रहन्छ । वर्षको एक पटक त्यो पनि असार मसान्तमा नगरपालिका फोहर सफा गर्न तातिन्छ । यस्तो अवस्थामा नगरवासी फोहरमै बस्न बाध्य छन् । नालाहरु सफा गर्ने तर्फ पहल छैन् ।

तसर्थ सहर सफा राख्नेदेखी लामखुटेबाट जनतालाई जोगाउन सम्बन्धीत निकायको ध्यान पुग्नु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सिरियाली गृहयुद्धका दश वर्ष, शान्तिको आशा अझै धुमिल

काठमाडौं, २९ फागुन (रासस) ।

सेहम हामुले सन् २०१६ मा इराकको डोउमास्थित घरमा क्षेप्यास्त्र आक्रमण हुँदा आफ्ना पति, छोरा र नातिनी गुमाइन् । सिरियाली राजधानी नजिक विद्रोहीको बलियो उपस्थिति रहेको डोउमामा विगत दश वर्षको अवधिमा भीषण लडाईं भएका छन् । अहिले ७४ वर्ष पुगिसकेकी सेहमले छोराका चार बालबच्चा, एउटी बिधवा छोरी र माहिली छोरी ज्वाइँ र उनीहरुका बालबच्चाको हेरचाह गर्ने जिम्मेवारी छ । सिरिया गृहयुद्धको १० वर्षका बारेमा रोयटर्समा छापिएको यो एउटा प्रतिनिधि घटना मात्र हो ।

लोकतन्त्र र उदार शासन प्रणालीका निम्ति खाडी राष्ट्रका नागरिकले सन् २०११ मा शुरु गरेको बहुचर्चित "अरब स्प्रिङ"का नामले परिचित अरब क्रान्तिले खाडी मुलुकहरुमा केही सुधार त ल्यायो, तर सिरिया, लिबिया जस्ता मुलुक गृहयुद्धको दलदलमा दशौं वर्षदेखि नराम्रोसँग फसेका छन् । सिरियामा मार्च १५, २०११ मा शुरु भएको जनताको स्वाभाविक विरोध प्रदर्शन सिरियाली राष्ट्रपति बसार अल असदको क्रुर दमनको चपेटामा परेको थियो, र त्यो आज पर्यन्त जारी छ । देशी, विदेशी शक्तिकेन्द्रको क्रिडाभूमिमा परिणत भएको यो गृहयुद्ध बहुआयामिक छ, र अरब क्षेत्रमै सैनिक र सामरिक दृष्टिबाट निकै शक्तिशाली मानिने सिरियालाई अहिले छिन्नभिन्न पारेको छ ।

**कसरी शुरु भयो गृहयुद्ध ?**

लामो समय शासन गरिसकेका सिरियाली राष्ट्रपति बसार अल असदको राजीनामाको माग गर्दै आमजनताले शान्तिपूर्ण विरोध प्रदर्शन शुरु गरेका थिए । देशव्यापी यी प्रदर्शनमा लाखौं जनता सहभागी भएका थिए । केही प्रदर्शनले हिंसात्मक रुप लिएको थियो । सिरियाली जनताको प्रदर्शतलॉ नमा छिमेकी मुलुक र अन्य शक्तिराष्ट्रले समर्थन गरेका थिए । विरोध प्रदर्शनलाई दबाउने नाममा सरकारले निर्मम शक्ति प्रयोग गर्न थालेपछि शसस्त्र विद्रोह शुरु भएको थियो । गृहयुद्धको रुप लिएको राष्ट्रपति असद विरुद्धको यस युद्धमा मुख्यतः चार पक्ष सहभागी थिएः सिरियाली सेना र यसको गठबन्धन (फ्रि सिरियन आर्मी), सलाफी जिहादी समूह (अल नुस्रा र तहरिर अल-शाम समूह समेत), कुर्दिस-अरब सिरियन डेमोक्रेटिक फोर्सेस (एसडिएफ) र इराकी इस्लामिक स्टेट समूह । यी विभिन्न समूहलाई इरान, इजरायल, रसिया, टर्की, संयुक्तराज्य अमेरिका समेतका मुलुकले प्रत्यक्ष वा परोक्ष सहायता उपलब्ध गराएका छन् ।

इरान, रसिया र हेज्बोल्लाह राष्ट्रपति असदको पक्षमा लडिरहेका छन् जहाँ रसियाले सन् २०१५ देखि विद्रोहीका अखडाहरुमा भिषण हवाई कारबाही गरिरहेको छ । इस्लामिक स्टेट विरुद्धको कारबाहीको नाममा संयुक्तराज्य अमेरिकाले सन् २०१४ देखि गठबन्धन बनाएर इस्लामिक स्टेट समूहका साथै सिरियाली सेना र सिरियाली सेना समर्थित लडाकू समूहमाथि लक्षित गरी आक्रमण गरिरहेको छ । सन् २०१५ देखि सिरियाको उत्तर र पूर्वी भागमा स्वायत्त क्षेत्र स्थापना गरी एसडिएफलाई आर्थिक, प्राविधिक, सैनिक समेतका सबै सुविधा उपलब्ध गराएको छ । टर्कीले भने एसडिएफ, इस्लामिक स्टेट र सिरियाली सेना विरुद्ध आफ्नो सीमाक्षेत्रमा आक्रमण गरिरहेको छ । टर्कीले सिरियाली विपक्षीलाई पनि मद्दत गरी सिरियाको उत्तरपश्चिम क्षेत्रको ठूलो भूभागमा परोक्ष नियन्त्रण कायम गरेको छ । पछिल्लो विवरण अनुसार सिरियाली सेनाको नियन्त्रणमा देशको करिब ६४ प्रतिशत भूभाग मात्र छ भने एसडिएफको करिब २६ प्रतिशत, अन्य विद्रोही र टर्कीको नियन्त्रणमा १० प्रतिशत भूभाग छ ।

इजरायलले पनि सिरियाभित्र सक्रिय इरानी र हेज्बोल्लाह लडाकूमाथि कारबाही गर्ने नाममा हवाई आक्रमण गर्ने गरेको छ ।

**मानवीय र भौतिक क्षति**

सिरियाली भूमिमा सक्रिय विभिन्न सशस्त्र समूह, रसिया र अन्य राष्ट्रका सेनाले गर्ने हवाई कारबाही तथा सरकारी फौजको व्यापक परिचालनले सिरियाभित्र चरम मानवीय र भौतिक क्षति भइसकेको छ । राष्ट्रसंघ र सिरियाली अब्जरभेटरी फर ह्युमन राइट्सका अनुसार यहाँ मानव अधिकारको चरम उल्लंघन हुनुका साथै आममानिसको कत्लेआम गरिएको छ । राष्ट्रसंघका अनुसार सिरिया युद्धमा हालसम्म करिब चार लाखको ज्यान गइसकेको छ भने सन् २०१५ सम्ममा कूल जनसंख्याको झण्डै आधा हिस्सा अर्थात करिब एक करोड ९ लाख मानिस विस्थापित भएका छन् । यी मानिसहरु लेबनान, जोर्डन, टर्की र इराकतिर भागेका थिए । टर्कीमा मात्र १७ लाख मानिसले आश्रय लिएका छन् । क्लस्टर बम, विशाल सैन्य कारबाही, अन्धाधुन्ध क्षेप्यास्त्र प्रहार र गोली समेत सबै किसिमका परम्परागत तथा सिरियाली सेनाले नै चलाएको तथाकथित रासायनिक हतियारले यी मानिसको ज्यान गएको हो । लाखौं शरणार्थी विभिन्न युरोपेली मुलुकमा पुगेका छन् र युरोपका कैयौं देशलाई सिरियाली शरणार्थी टाउको दुखाईको विषय बनेका छन् ।

सिरियामा गृहयुद्ध सक्रिय अवस्थामै रहेका कारण कति भौतिक क्षति पुगेको छ भन्ने स्पष्ट विवरण सङ्कलन निकै कठिन र चुनौतीपूर्ण छ । तैपनि, राष्ट्रसंघले गरेको अनुमान अनुसार करिब चार खर्ब अमेरिकी डलर बराबरको भौतिक सम्पत्ति नष्ट भएको छ । पुनर्निर्माणका लागि आवश्यक स्रोत, साधन जुटाउन अहिलेकै अवस्थामा सिरियालाई निकै कठिन छ । आर्थिक रुपमा तुलनात्मक रुपमा कमजोर अवस्थामा रहेका सिरियाका मित्रराष्ट्रहरु इरान र रसियाले पुनर्निर्माणका लागि गर्ने सहयोग पक्कै पनि सिरियालाई अपर्याप्त हुनेछ । तर अन्य राष्ट्रको सहयोग प्राप्त गर्न असदको सत्ता बाधक हुने स्वतः देखिन्छ ।

**अबको निकास ?**

फेब्रुअरी २०११ मा अमेरिकाका तत्कालीन उपराष्ट्रपति जो बाइडेनले एउटा समारोहमा सम्बोधन गर्दैआधारभूत स्वतन्त्रता र सम्मानको चाहना राख्ने जनतालाई अमेरिकाले सदैब समर्थन गर्ने प्रतिज्ञा गर्नु भएको थियो । त्यो सम्बोधनको एक महिनापछि नै सिरियाका जनता राष्ट्रपति असदको विरोधमा सडकमा उत्रिए । तर सिरियाली सरकारको चरम दमनमा त्यहींका जनता परे ।

अमेरिकाको एउटा समूहको विचारमा असदले सिरियामा विजय हासिल गरेका छन् र त्यहाँ अमेरिकाले गर्नुपर्ने केही छैन । तर सिरियाभित्र जनताको विद्रोह र क्रान्ति अझै नसकिएको तथा जनताका दुःखपीडा अझै यथावत् रहेको वासिङ्टन पोष्टमा स्तम्भकार जस रोजिन लेख्छन् । असदको शासन विरुद्ध सङ्घर्षरत पक्षहरुको विचारमा अझै पनि असदबाट मुक्तिको अभियान जारी छ ।

सिरिया मामिलामा पूर्व राष्ट्रपति बाराक ओबामालाई समेत परामर्श दिने पूर्व राजदूत फ्रेडरिक सी. हफको विचारमा यदि राष्ट्रपति बाइडेनले कुनै ठोस कदम नचाले सिरियाको अवस्था उत्तर कोरियाको झैं हुनेछ । उहाँ भन्नुहुन्छ, सिरिया मध्यपूर्व मात्र नभई विश्वकै लागि खतराको रुपमा उपस्थित हुनेछ । स्तम्भकार रोजिन लेख्छन्, "अमेरिकी जनता सिरियाली सङ्कटबाट थकित भइसकेका हुन सक्छन्, तर सिरियाली जनता अझै पनि प्रतिबद्ध छन् । उनीहरुलाई थाहा छ, दशक लामो सङ्घर्ष अहिल्यै सकिने स्थितिमा छैन, चाहे विश्वले उनीहरुलाई समर्थन गरुन् वा नगरुन् ।" (अन्तर्राष्ट्रिय संचार माध्यमको सहयोगमा तयार पारिएको)

# ६ हजार सरकारी सवारी साधनले लिए इम्बोस्ड नम्वर प्लेट

काठमाडौं, २९ फागुन (रासस) ।

सवारीसाधनको सुरक्षाका हिसाबले महत्वपूर्ण मानिएको 'इम्बोस्ड' नम्वर प्लेट लिने सरकारी सवारी साधनको संख्या झण्डै छ हजार पुगेको छ । सरकारले फागुन मसान्तसम्ममा सरकारी सवारी साधनले यो नम्वर प्लेट लिन अनिवार्य गरेको थियो ।

सरकारले गत साउनमा इम्बोस्ड नम्वर प्लेट वितरण सुरु गरेको थियो । सबैभन्दा पहिले सरकारी सवारी साधनलाई नै अनिवार्य गरिएको यातायात व्यवस्था विभागका मेकानिकल इञ्जिनीयर मोहन भट्टराइले बताउनुभयो । फागुनसम्म सो नम्वर प्लेट लिन अनिवार्य भनिएपनि त्यसपछि लिनेका लागि कुनै पनि जरिवाना तोकिएको छैन । अहिले शुरुआती चरण भएकाले क्रमिकरूपमा बढाउँदै जाने लक्ष्य लिइएको उहाँले बताउनुभयो । अहिले दैनिक २० देखि ४० सरकारी सवारी साधनले नम्वर प्लेट लिइरहेका छन् । उहाँले भन्नुभयो, "आगामी दिनमा यो संख्या अझै बढ्न सक्नेछ ।"

अझैसम्म सार्वजनिक र निजी सवारीसाधनमा नम्वर प्लेट लिनेको संख्या कम छ । यसलाई बढाउनकै लागि यो मितिसम्म अनिवार्य गरिने विभागले जनाएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ र वाग्मती प्रदेशका भौतिक पूर्वाधार मन्त्री रामेश्वर फुयाँलले गत साउन १० मा यसको वितरण शुरुआत् गर्नुभएको थियो । सरकारले डिजिटल प्रविधिमा गएर स्मार्ट कार्डकारूपमा रहेको सो नम्बर प्लेट देशभरका सबै सवारी साधनमा वितरण गर्ने योजना बनाएको छ । सवारी धनीले सो नम्बर प्लेटका लागि तोकिएको बैंकमा राजश्व बुझाउनुपर्ने विभागले जनाएको छ । दुई पाङ्ग्रे सवारी साधनका लागि रु दुई हजार ५००, चार पाङ्ग्रे साना तथा मझौला सवारीका लागि रु तीन हजार दुई र ठूला सवारीका लागि रु तीन हजार ६०० राजश्व जम्मा गर्नुपर्नेछ ।

सवारी कर चुक्तासम्बन्धी अद्यावधिक कागजात, नम्बर प्लेटवापतको रकम जम्मा गरेको बैंक भौचर र अनलाइन फर्म प्रिन्ट गरिएको कागजात तोकिएको कार्यालयमा जम्मा गर्नुपर्ने बताइएको छ । यस्तो नम्बर प्लेट हाल प्रयोगमा रहेका नम्बर प्लेटभन्दा बढी टिकाउ छ । प्लेटमा रहेको चिपमा सो सवारी साधनसम्बन्धी सबै जानकारी हुने बताइएको छ । सरकारले विसं २०७४ मा नै सो नम्बर प्लेट वितरण गर्ने तयारी गरेको थियो । त्यतिबेला नेपालीमा हुनुपर्ने माग राख्दै सर्वोच्च अदालतमा परेको रिटका कारण प्रक्रिया अवरुद्ध भएको थियो । अहिले पनि प्रज्ञा प्रतिष्ठानका पदाधिकारीले प्रधानमन्त्री केपी शर्मा ओली, भौतिक पूर्वाधारमन्त्री वसन्तकुमार नेम्वाङलाई भेटेर नम्वर प्लेट नेपालीमा नै गर्नुपर्ने माग गरेका थिए । अहिले अङ्ग्रेजी भाषामा नै नम्बर प्लेट वितरण भइरहेको छ ।

# अलमलमा नलागी फर्कनुहोस् : प्रधानमन्त्री

काठमाडौँ, २९ फागुन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै अलमलमा नलागी पार्टीमा एकताबद्ध हुन नेता र कार्यकर्तालाई आग्रह गर्नुभएको छ ।

पार्टीको भातृ संगठन अलिख नेपाल महिला सङ्घको राष्ट्रिय कार्यकर्ता भेलालाई शनिबार यहाँ सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले विगतमा आफूलाई हटाएजस्तो गरी कसैलाई अध्यक्ष वा पार्टी सदस्यबाट ननिकालेको तर कार्यसम्पादनका लागि केही नेतालाई कामको जिम्मेवारी दिएको जानकारी गराउनुभयो ।

उहाँहरु (माधवकुमार नेपाल र झलनाथ खनाल समूह) आएपछि कसरी अघि बढ्ने भन्ने कुरा छलफलबाट टुङ्ग्याउन सकिने भएकाले कुनै अलमलमा लाग्नुपर्ने आवश्यकता नरहेको प्रधानमन्त्री ओलीको भनाइ थियो । प्रधानमन्त्री ओलीले आगामी चैत ७ गते केन्द्रीय कमिटीको बैठक बालुवाटारमा बोलाएको जानकारी गराउँदै भन्नुभयो, "सुनिन भन्न पाइने छैन, अनुपस्थित रहँदै जानुभयो भने विधानको व्यवस्था भएअनुसार हुँदै जानेछ, त्यसैले सुन्ने गरी भनेको छु चैत ७ गतेको बैठकमा आउनुहोला ।"

शुक्रबार माओवादी केन्द्रमा रहेका नेता/कार्यकर्तालाई पनि एकतामा कायम हुँदै अघि बढ्न प्रधानमन्त्री ओलीले आग्रह गर्नुभयो । "म स्वागत गर्छु, आउनुहोस् सँगै मिलेर अघि बढौँ, बाटो बिराएकालाई पनि म भन्न चाहन्छु सच्चिनुहोस् आउनुहोस", उहाँले भन्नुभयो । उहाँले केपी ओलीलाई ठेगान लगाउन आए बाटोमै ठेस लाग्नेसमेत बताउनुभयो ।

उहाँले सके प्रधानमन्त्रीबाट हटाएर देखाउन पनि चुनौती दिनुभयो । प्रधानमन्त्रीबाट हटे पनि अबको २० महिनापछि नेकपा (एमाले) दुईतिहाइका साथ सिंहदरको मूलढोकाबाट प्रवेश गर्ने प्रधानमन्त्री ओलीको जिकिर थियो । उहाँले प्रतिपक्षमा बस्न कुनै गाह्रो नभएको समेत बताउनुभयो ।

"सरकारमा भए देश बनाउँछौं, प्रतिपक्षमा भए देश बनाउने तयारी गर्छौं" प्रधानमन्त्रीले थप्नुभयो । उहाँले आफ्नो गन्तव्य सत्ता नभई समृद्ध नेपाल र सुखी नेपाली बनाउनु रहेको योजना सुनाउनुभयो । प्रधानमन्त्री ओलीले एउटा शक्ति दुईतिहाइको पार्टी भत्काइ पार्टी ध्वस्त पारेर टालाटुली जोडेर टाले सरकार बनाउन उद्दत रहेको र उनीहरु प्रधानमन्त्री खाइदिनुस् न भनेर कुदिरहेका बताउनुभयो । उहाँले अस्थिरताको खेल खेल्ने र बाटाबाटामा अध्यक्षको पगरी बाँधेर हिँड्ने तत्वलाई जनताले सबक सिकाउनुपर्ने बताउनुभयो । प्रधानमन्त्री ओलीले उनीहरुको उद्देश्य नै देश बर्बाद गर्ने रहेको र अरुका लागि 'कम्फरटेबल' सरकार बनाउने योजना रहेको सुनाउनुभयो ।

मुलुकमा नक्कली लोकतन्त्रवादीहरु सक्रिय रहेको र उनीहरुले देशलाई अघि बढ्नबाट रोक्ने प्रयास गरिरहेको प्रधानमन्त्री ओलीले बताउनुभयो । उहाँले एउटा समूह विकासको लहर ल्याउने केपी ओलीलाई हटाउनुपर्‍यो, तपाईँले प्रधानमन्त्री खाइदिनुपर्‍यो भनी किस्ती बोकेर विभिन्न ठाउँमा निवेदन हाल्न पुगेको बताउँदै आफू कसैको अगाडि किस्ती बोकेर निवेदन हाल्न नजाने प्रष्ट पार्नुभयो । उहाँले आन्दोलनको नेतृत्व गर्ने पार्टीलाई ध्वस्त पार्ने तरिका चिरेरै छाड्ने चेतावनी दिनुभयो ।

वर्तमान सरकारले आफ्ना निम्ति नभई मुलुकको सुशासन र जनताका निम्ति अभियान चालिरहेको र खुट्टा तान्दातान्दै केही वर्षभित्रैमा विकासका योजना साकार पारेरै छाड्ने प्रधानमन्त्रीले उद्घोष गर्नुभयो । प्रधानमन्त्री ओलीले विसं २०५१ बाट मासिक रु १०० बाट शुरु भएको वृद्धाभत्ता अहिले रु तीन हजार पुर्‍याएको र रु पाँच हजार पुर्‍याउने लक्ष्य रहेको जानकारी गराउनुभयो । उहाँले भत्ता रु चार हजार भने छिट्टै बनाउने पनि उद्घोष गर्नुभयो । उहाँले लडाइँमा होमिएर शहीद भएका परिवार, घाइते भएका लडाकु तथा काख रित्तिएका बाबुआमा छन् तर सशस्त्र द्वन्द्वका सञ्चालकलाई त्यसको सम्झना नरहेका बेला अहिलेको सरकारले पीडा सुनेर मल्हमपट्टी लगाउन थालिसकेको जानकारी गराउनुभयो ।

स्सरकारले विकास निर्माणका गतिविधिदेखि सडकका बेवारिसेलाई आश्रय दिने, सडक बालबालिकाको उद्धार र संरक्षण, शिक्षा, स्वास्थ्य रोजगारका कार्यक्रम, राष्ट्रपति चुरे संरक्षण कार्यक्रम, राष्ट्रपति महिला उद्धार कार्यक्रमका साथ समृद्धिको यात्रामा सरकार रहेको बताउनुभयो । किसान परिचयपत्र, नागरिक एप्सका साथ डिजिटल नेपालको अवधारणालाई सरकारले साकार पार्दै लगेको सन्दर्भ जोड्दै प्रधानमन्त्री ओलीले समृद्धिको यात्रालाई कसैले रोक्न नसक्ने जिकिर गर्नुभयो ।

मुलुकसामु आन्दोलनलाई गलत बाटोमा जान नदिन देशभरि सन्देश लैजानुपर्ने बेला आएको उहाँको भनाइ थियो । त्यसको अगुवाइ नारीले गर्नुपर्नेमा उहाँको जोड थियो । गाउँमा जाँदा उक्त सन्देश र सामाजिक जागरणको चेत लिएर जान पनि महिलाहरुलाई आग्रह गर्नुभयो । घरघरमै देखिने नदेखिने सामाजिक पीडालाई चिर्दै अघि बढ्नका लागि पनि महिला जागरण जरुरी रहेको प्रधानमन्त्रीको भनाइ थियो ।

योग्यता क्षमताले सांसद भयो भने कसैले अपमान गर्न खोज्ने प्रवृत्तिप्रति सचेत हुन आग्रह गर्दै उहाँले त्यस्ता व्यक्तिको मानसिक चिन्तनमै अपरेशन गर्नुपर्ने बताउनुभयो । सामाजिक न्याय र समानता देख्न नसक्ने प्रवृत्ति समाजमा अझै कायम रहेको र त्यसका लागि सशक्त भएर लाग्न महिलाहरुलाई आग्रह गर्नुभयो । संसारमा बोक्सी नै नहुने जिकिर गर्दै प्रधानमन्त्रीले भन्नुभयो, "संसारमा बोक्सी हुन्थ्यो भने यत्रो विरोधी किन कराउँथे मेराविरुद्ध ।"

उहाँले बोक्सी भनेको महिलालाई अपमान गर्ने कुरा भएको र यस्ता सामाजिक अन्धविश्वासलाई हामीले समाजभित्रै चिर्नुपर्नेमा जोड दिनुभयो । छाउपडी कुप्रथाको विषय कोट्याउँदै प्रधानमन्त्री ओलीले परिवारका जुन सदस्यले छाउगोठमा बस् भन्छ उसैलाई गोठमा जाऊ भन्न सक्नुपर्नेतर्फ ध्यानाकर्षण गराउनुभयो ।

उक्त समारोहमा उपप्रधानमन्त्रीसमेत रहनुभएका नेकपा (एमाले) का महासचिव ईश्वर पोखरेलले मुलुकमा राजनीतिक अस्थिरताको घिनलाग्दो खेल शुरु भएको र समाजमा अराजकता तथा सामाजिक सद्भाव भड्काउने कोसिस भइरहेकाले त्यसप्रति सचेत हुन आग्रह गर्नुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री टोपबहादुर रायमाझीले प्रधानमन्त्री ओलीले नेतृत्व गरेको विचार, राजनीति र कार्यदिशा नै उपयुक्त भएको बताउनुभयो । उहाँले आफू सांसद पद छाड्न तयार रहेको तर अहिलेको कार्यदिशा नछाड्ने प्रतिबद्धता जनाउनुभयो ।

### ओली नेतृत्वको ...

माओवादी केन्द्रले पनि साथ दिने उल्लेख गरे । उनले जसपालाई अग्रगमनको साथ दिन आग्रह गर्दै प्रतिगमनकारीलाई परास्त गर्न अग्रगमनकारीबीच सहकार्य आवश्यक रहेको बताए ।

नेता यादवले जसपाले राख्दै आएको रेशम चौधरी रिहाइको माग र संविधान संशोधनको कामलाई अगाडि बढाइने बताउँदै सरकार बनेपछि रेशम चौधरीको रिहाइ र संविधान संशोधनका लागि दुई तिहाइ बहुमत चाहिएकाले त्यसका लागि पनि प्रयास सुरु हुने उल्लेख गरे ।

### अति विपन्न ...

परिवारलाई शनिबार प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले राहत बितरण गरेका छन् ।

आयोजित एक कार्यक्रमबीच नेपाल ग्रामीण पुर्न निर्मान संस्थाको सहयोग तथा मन्त्री साह र गाउँपालिका अध्यक्ष दिपक यादवको संयुक्त पहलमा गाउँपालिकाका २ हजार १ सय १० परिवारलाई सो राहत बितरण गरिएको हो ।

अति विपन्न तथा कोभीड १९ प्रभावित प्रति परिवारलाई रु. १० हजार बराबरको भौचरमार्फत खाद्यान्न खरीदका लागि राहत सामग्री प्रदान गरिएको हो ।

### १८ केजिको वारबेल ...

उपलब्ध गराएका थिए ।

जिल्ला खेलकुद विकास समितिको कभर्डहलमा सुरु भएको उक्त प्रतियोगितामा सात वटै प्रदेशका साथै सेना, सशस्त्र र नेपाल प्रहरीका गरि १ सय २० महिला र पुरुष खेलाडीको सहभागिता रहेको संघका सचिव गोपाल प्रसाद गुप्ताले जानकारी दिए । प्रतियोगितामा विभिन्न तौल समूहमा महिलातर्फ १७ र पुरुषतर्फ १८ खेलमा प्रतिस्पर्धा हुदैछ ।

दुई दिनसम्म चल्ने प्रतियोगितामा बिजेतासँगै स्ट्रोङगेस्ट म्यान अफ द टुर्नामेन्ट, स्ट्रोङगेस्ट वुमेन अफ द टुर्नामेन्ट, सर्वोत्कृष्ट महिला र पुरुष तथा राइजिङ प्लेयर महिला र पुरुष खेलाडीको पनि छनोट गरि नगद पुरस्कार प्रदान गर्ने कार्यक्रम रहेको छ ।

सप्तरीका पुराना एवं पूर्व राष्ट्रिय भारोत्तोलन खेलाडी राजविराज निवासी ५२ वर्षिय देवसुन्दर यादवको २०७६ कार्त्तिक १४ गते निधन भएको थियो । उनकै स्मृती एवं सम्मनमा राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना गरिएको आयोजक समितिले जनाएको छ ।






## विश्व समाचार

### ब्राजिलमा एकैदिन झण्डै ८६ हजार सङ्क्रमित

रियो दि जेनेरियो, २९ फागुन (रासस/सिन्ह्वा) ।

ब्राजिलमा कोरोनाभाइरसबाट एकैदिन झण्डै ८६ हजार जना सङ्क्रमित भएका छन् ।

यो सङ्ख्या एकैदिनमा धेरै सङ्क्रमित भएको मध्ये दोस्रो धेरै भएको अधिकारीहरुले जानकारी दिएका छन् ।

अधिकारीका अनुसार शुक्रबार ब्राजिलमा ८५ हजार ६६३ जना सङ्क्रमित भएका हुन् । यसअघि गत जनवरी ७ मा एकैदिनमा ८७ हजार ८४३ जना सङ्क्रमित भएका थिए ।

ब्राजिलमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल एक करोड १३ लाख ६३ हजार ३८० जना सङ्क्रमित भएका छन् ।

त्यसैगरी पछिल्लो २४ घण्टामा ब्राजिलमा दुई हजार २१६ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कुल मृतकको सङ्ख्या दुई लाख ७५ हजार १०५ पुगेको छ ।

ब्राजिलमा कोरोना महामारीका विरुद्धमा लड्नको लागि अस्पताल र खोपले विस्तारै प्रगति भएपनि मृत्यु हुनेको संख्या भने अझै घटेको छैन ।

कोरोना भाइरस महामारीका कारण भएको मृत्युमा विश्वमा नै दोस्रो स्थानमा रहेको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

कोरोना भाइरसको सङ्क्रमणको कारण सबैभन्दा बढी अमेरिकामा मृत्यु भएको छ । ब्राजिलमा कोरोना सङ्क्रमणको दैनिक तथ्याङ्कअनुसार गत मार्च ३ मा यसबाट एकै दिनमा एक हजार ९०० को मृत्यु भएको थियो ।

सार्वजनिक स्वास्थ्य संस्था फिओक्रुजले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार ब्राजिलका २७ ओटा प्रान्तीय राजधानीमा २५ ओटा राजधानी शहरका स्वास्थ्य संस्थाका आकस्मिक कक्ष ८० प्रतिशतभन्दा बढी भरिएका बताइएको छ ।

कोभिड-१९ विरूद्धको उपचार तथा अन्य प्रक्रियामा २०२० को अन्त्यतिर ब्राजिलमा प्रभावकारी देखिएको थियो, तर पनि सन् २०२१ को पहिलो आधाआधीमा भने यहाँ महामारीको फैलावट निकै बढेको थियो ।

### अफगानिस्तानको हेरातमा कारबम बिस्फोट, आठ जना मारिए

हेरात, २९ फागुन (रासस/एएफपी) ।

पश्चिम अफगानिस्तानमा शुक्रबार भएको एक शक्तिशाली कारबम बिस्फोटमा परेर कम्तीमा आठ जनाको मृत्यु भएको छ भने अरु दर्जनौं व्यक्ति घाइते भएका छन् ।

सर्वसाधारणलाई लक्षित गरी आक्रमण भएको भन्दै संयुक्त राष्ट्रसङ्घले निन्दा एवं खेद व्यक्त गरेकै समय पछिल्लो आक्रमण भएको छ ।

हेरातस्थित प्रहरी मुख्यालयलाई लक्षित गरी कारबम बिस्फोट गराइएको प्रहरीले जनाएको छ । हेरातका प्रान्तीय गभर्नरका प्रवक्ता जेलानी फरहादका अनुसार बम बिस्फोटबाट दर्जनौं घर र पसलहरु नराम्रोसँग क्षतिग्रस्त भएका छन् ।

मृत्यु हुनेहरुमा महिला, बालबालिका र सुरक्षाकर्मी रहेको प्रवक्ता फरहादले बताउनुभयो । उहाँले बम बिस्फोटबाट ४७ जना घाइते भएका र उनीहरुको हेरातका अस्पतालहरुमा उपचार भइरहेको जानकारी दिनुभयो ।

अफगानिस्तानको मुख्य विद्रोही समूह तालिबानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले हेरातमा भएको बिस्फोटसँग आफ्नो समूहको कुनै सम्बन्ध नरहेको दाबी गर्नु भएको छ ।

तालिबानका लडाकूहरु यस राज्यमा निकै सक्रिय छन् र हालैका दिनहरुमा उनीहरुले सुरक्षाफौजलाई लक्षित गरी धेरैवटा हमला गरिसकेका छन् ।

राष्ट्रपति अश्रफ घानीले हेरात बिस्फोटका लागि तालिबान दोषी रहेको बताउनुभएको छ । राष्ट्रपति घानीले एक वक्तव्य प्रकाशन गरी तालिबान समूहले आफ्नै जनतामाथिको अवैधानिक युद्धलाई निरन्तरता दिइरहेको र उनीहरुले वर्तमान सङ्कटको शान्तिपूर्ण समाधानका लागि पहल नगरेको उल्लेख गर्नु भएको छ ।

हालैका महिनाहरुमा अफगानिस्तानमा हिंसात्मक घटनाहरु बढ्दै गएका छन् । सरकार र तालिबान समूहबीच शान्ति वार्ता भइरहे पनि तालिबान समूहले पत्रकार, अधिकारवादीहरु र सरकारी कर्मचारी, वकील लगायतलाई लक्षित गरी आक्रमण गरिरहेका छन् ।

गत शुक्रबार, राष्ट्रसंघीय सुरक्षा परिषदले अफगानिस्तानमा नागरिक-लक्षित आक्रमणलाई लिएर कडा शब्दमा निन्दा एवं भर्त्सना गरेको थियो ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले तालिबान र अमेरिकाबीच भएको सम्झौताको समीक्षा गरिरहेको बताउँदै आउनु भएको छ ।

### भारतमा एकैदिनमा २० लाखभन्दा बढीलाई कोरोना खोप

नयाँ दिल्ली, २९ फागुन (रासस/एएनआई) ।

भारतमा एकैदिनमा २० लाखभन्दा बढीलाई कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ ।

शुक्रबारको यो सङ्ख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको पनि अधिकारीहरुले शनिबार जानकारी दिएका छन् ।

योसँगै भारतमा अहिलेसम्म २० लाख ५३ हजार ५३७ मात्राको कोरोना विरुद्धको खोप लगाइएको छ । त्यसमध्ये १६ लाख ३९ हजार ६६३ जनाले पहिलो चरणको खोप लगाएका छन् भने अरु चार लाख १३ हजार ८७४ जनाले दोस्रो चरणको खोप पनि लगाएर लाभान्वित भएका छन् ।

भारतमा ५६ दिन अगाडिदेखि कोरोनाविरुद्धको खोप लगाउन थालिएको हो । खोप लगाउन देशभरी ३० हजार ५६१ ठाउँमा खोप केन्द्र स्थापना गरिएको छ । कुल प्रयोग भएको खोप मध्ये आठ प्रदेशमा ७४ प्रतिशत खोप प्रयोग भएको छ ।

# सप्तरीकी पूजा मण्डलले स्वर्ण जितिन्




**दैनिक समाचारदाता**
**राजविराज, २९ फागुन ।**

राजविराजमा सुरु भएको प्रथम देवसुन्दर राष्ट्रिय महिला एवं पुरुष भारोत्तोलन प्रतियोगितामा पहिलो दिन शनिबार ४९ केजि महिला युथतर्फको खेलमा सप्तरीले स्वर्ण पदक हात पारेको छ ।

सप्तरीकी पूजा मण्डलले स्वर्ण पदक हात पारेकी हुन् भने कास्कीकी सुस्मा काफ्ले रजत र सप्तरीकी ज्योती मण्डल कास्य जितेकी छिन् ।

त्यस्तै महिलातर्फको ४५ केजि सिनियर समूहमा नेपाल प्रहरीकी हिरामोति थारुले स्वर्ण पदक हात पारेकी छिन् ।

यस्तै ४५ केजि महिला यूथतर्फ बर्दियाकी अरुणीमा थारु स्वर्ण, सप्तरीकी अम्बिका यादव रजत र कास्कीकी अनिका गुरुङ कास्य पदक जितेकी छिन् भने ४५ केजिकै महिला जुनियरतर्फ बर्दियाकै अरुणीमा थारु स्वर्ण, दाङकी सम्झना चौधरी रजत र सप्तरीकी काजल सदा कास्य पदक हात पारेकी छिन् ।

महिलाको ४९ केजि सिनियरतर्फ नेपाल प्रहरीकी संगिता राई स्वर्ण र ललितपुरकी उत्साह पाण्डे रजत पदक जितेकी छिन् ।

४९ केजि महिला जुनियरतर्फ बर्दियाकी पवित्रा थापा मगरले स्वर्ण पदक जितेकी छिन् । यस्तै पुरुष सिनियरको ५५ केजि तौल समूहमा सेनाका तुलाराम महतोले स्वर्ण, नेपाल प्रहरीका गणेश रानाभाटले रजत तथा बर्दियाका रामकुमार थारुले कास्य पदक हात पारेका छन् ।

उद्घाटन खेलमा बिजेताहरुलाई कार्यक्रमका विशिष्ट अतिथि पूर्वमन्त्री मातृका प्रसाद यादव तथा बोदेबरसाइन नगरपालिकाका प्रमुख आतेश कुमार सिंहले पुरस्कार बितरण गरेका थिए ।

# सरकार छाड्न माओवादीको निर्देशन

काठमाडौं, २९ फागुन (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले प्रधानमन्त्री केपी शर्मा ओलीले नेतृत्व गरेको सरकार छाड्न आफ्ना मन्त्रीलाई निर्देशन दिएको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा शनिबार बसेको स्थायी समिति बैठकले पार्टीका तर्फबाट वर्तमान सरकारमा सहभागी सबै मन्त्रीलाई फिर्ता हुन निर्देशन दिएको हो ।

नेकपा (एमाले) र माओवादी केन्द्रबीच एकता भई बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)लाई बदर गर्ने सर्वोच्च अदालतको फैसलासँगै दुई पार्टी अलगअलग भएका छन् ।

माओवादी केन्द्रका तर्फबाट रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु साह र दावा लामा सरकारमा सहभागी भएका छन् । सरकारले गत पुस ५ गते प्रतिनिधिसभा विघटन गर्ने निर्णय गरेसँगै त्यसमा असहमति जनाउँदै माओवादी केन्द्रका केही मन्त्रीले त्यतिबेलै सरकार छाडेका थिए ।

बैठकले एमालेको कमिटीमा राखिएका सङ्घीय सांसद तथा प्रदेशसभा सदस्यलाई २४ घन्टाभित्र आफ्नो स्थिति प्रष्ट पार्न पत्र लेख्ने निर्णय गरेको अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का प्रेस संयोजक विष्णु सापकोटाले जानकारी दिनुभयो ।

बैठकले आगामी चैत २ गते हुने भनिएको राष्ट्रिय कार्यकर्ता भेला अर्को सूचना नआएसम्मका लागि स्थगित गर्ने निर्णयसमेत गरेको छ । बदलिँदो राजनीतिक परिस्थितिबारे छलफल गर्न आइतबार माओवादी केन्द्रको केन्द्रीय समितिको बैठक बस्दैछ ।

# खनाल-नेपाल समूहद्वारा समानान्तर कमिटी गठन

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ फागुन ।**

नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनाल र माधव नेपाल पक्षीय केन्द्रीय कमिटिको बैठकले समानान्तर कमिटि विस्तार गरेको छ ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले एकलौटी निर्णय गर्दै नेपाल-खनाल निकट नेताहरुको जिम्मेवारी खोसेपछि शनिबार बसेको केन्द्रीय कमिटीले समानान्तर संरचना बनाएको हो ।

विस्तारित कमिटिअनुसार प्रदेश १ को संयोजनको जिम्मा भीम आचार्यलाई, प्रदेश २ को घनश्याम भुसाललाई, बागमति प्रदेशको जिम्मा अष्टलक्ष्मी शाक्यलाई, गण्डकीको जिम्मा सुरेन्द्र पाण्डेलाई, लुम्बिनी र कर्णालीको जिम्मा युवराज ज्ञवालीलाई र सुदूरपश्चिमको जिम्मा भीम रावललाई दिइएको छ ।

त्यस्तै, युवा विभागको प्रमुखमा रघुजी पन्त, विद्यार्थी विभागको जिम्मा गोकर्ण विष्ट, प्रचार विभागको जिम्मा योगेश भट्टराई, महिला विभागको जिम्मा अष्टलक्ष्मी शाक्यलाई र बुद्धिजीवी विभागको जिम्मा प्रमेश हमाललाई दिइएको छ ।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit · City Express Money Transfer · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np